संघीय संसद
राष्ट्रिय सभा
राष्ट्रिय सरोकार तथा समन्वय समिति

बैठक संख्याः १६३
मिति २०७९/१२/२३
समयः बिहान ११: ०० बजे
प्रारम्भः बिहान ११: १० बजे
अन्त्यः दिनको १: ५० बजे

<u>छलफल तथा निर्णय</u> :-

(१) राष्ट्रिय सरोकार तथा समन्वय समितिको आज मिति २०७९/१२/२३ गते बसेको बैठकमा राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको हालसम्मको कार्यान्वयन अवस्था, समस्या तथा भावी कार्य योजना र नेपालका काष्ठजन्य वन पैदावारको उच्चतम उपयोग, उत्पादन तथा आपूर्ति र विदेशबाट हुने आयात विस्थापन सम्बन्धमा वन तथा वातावरण मन्त्रालय र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिसँग छलफल भई देहाय बमोजिम निर्देशन दिने निर्णय भयोः-

- नेपालका काठजन्य बनपैदावारको उच्चतम उपयोग गर्न आवश्यक नीति तर्जुमा, नियम प्रकृया सरलीकरण गर्दै सम्बन्धित निकायसँग समन्वय गरी स्वदेशमै काठजन्य बन पैदावारको उत्पादन र आपूर्ति गर्दै आयात विस्थापन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने।
- सबै सरकारी निकायहरुले अनिवार्य रुपमा स्वदेशी काठ र स्वदेशी काठजन्य फर्निचरहरु प्रयोग गर्ने नितीगत व्यवस्था गर्न वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने।
- वन नियमावली, २०७९ अनुसार काठको गोलीयाको आयातन मापनका कारण काठजन्य बन पैदावारको विक्रि वितरणमा बाधा सृजना भएको भनी समितिको बैठकमा बिषय उठान भएकोले सो सम्बन्धमा वन नियमावली, २०७९ अनुसार काठको गोलियाको मापन गर्ने सुत्रको पूनरावलोकन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने।
- काठजन्य बन पैदावार कटान र संकलनको समयअवधि पूनरावलोकन गरी सो समयअवधि बढाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने।
- तहगत सरकारसँग समन्वय र सहकार्य गर्दै वन र वन्यजन्तु सम्बन्धी कसुरका मुद्दाहरुको कारवाही र किनारा सम्बन्धमा देखिएका समस्या समाधान गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने।

- वन्यजन्तुले मानव जीवन र वस्तीहरुमा गरेको क्षति न्युनिकरण गर्न र बफर जोनमा देखिएका समस्या समाधान गर्न राष्ट्रिय निकुञ्ज, आरक्ष र संरक्षणक्षेत्रसँग सम्बन्धित कानूनमा समायानुकुल संशोधन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने।
- राष्ट्रपति चुरे संरक्षण कार्यक्रम अन्तर्गत सञ्चालित मुख्य कार्यक्रमहरु सम्बन्धित सरोकार निकाय र पक्षसँग समन्वय गर्दै पारदर्शी रुपमा कार्यान्वयन र निरन्तर अनुगमन गर्न वन तथा वातावरण मन्त्रालय र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिलाई निर्देशन दिने।

(२) समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्ने गरि आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले)

समिति सचिव

(दिल कुमारी रावल थापा (पार्वती))

सभापति